# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**बागमती प्रदेशका मन्त्रालयहरुका स्वास्थ्य सेवा, विभिन समूहका प्राविधिक तर्फका पाँचौं तहका पदहरूको**

## कार्यसम्पादन अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ७७/०७८-७९ प्रकाशन मितिः२०७८/०९/०९**

**कार्यसम्पादन अनुभवको मूल्याङ्कनबाट हुने समायोजन**द्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्वास्थ्य सेवातर्फका पाँचौ तहका देहायका पदहरूका लागि स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) बमोजिम न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७८/१०/१३ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय, बागमती प्रदेश, हेटौंडामा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गरिनेछ।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू**

१. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिम योग्यता पुगेको हुनुपर्नेछ र दफा २७ बमोजिम बढुवाको लागि अयोग्य भएको हुनुहुँदैन ।

२. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २९ अनुसारका बढुवाका आधार वापतको अङ्क गणना गरी बढुवाको सिफारिस हुनेछ। स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७१ अनुसार कार्य सम्पादनको मूल्याङ्कन, नियम ७२ अनुसार जेष्ठताको मूल्याङ्कन, नियम ७३ अनुसार भौगोलिक क्षेत्रको अङ्क र नियम ७४ अनुसारको शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन हुनेछ।

३. दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको कर्मचारी सङ्केत नम्बर अनिवार्य रुपमा भर्नुपर्नेछ।

४. समकक्षता निर्धारण गुर्नपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

५. दरखास्त फाराममा उल्लेखित सबै विवरणहरू स्पष्ट रुपले खुलाउनु पर्नेछ।

६. दरखास्त दस्तुर रु. ७००। - (सात सय) बुझाउनु पर्नेछ।

७. दरखास्त दस्तुर बुझाउने स्थान : राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेड, खाता नं. २७२०२००००००१००१०००००१
कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)
राजश्व शीर्षक नं. १४२२४

८. बागमती प्रदेश मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूमा कार्यरत एक तह मुनिका स्थायी कर्मचारीहरू बढुवाका हुन सक्नेछन् ।

९. विज्ञापन प्रकाशित भएको २१ दिन अर्थात मिति २०७८/०९/२९ गतेसम्म बागमती प्रदेशका मन्त्रालयबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

**कार्यसम्पादन अनुभवको मूल्याङ्कनद्वारा हुने समायोजनद्वारा हुने बढुवा**

| सि.नं. | बढुवा सूचना नं. | पद | सेवा | समूह | उपसमूह | जम्मा माग पद संख्या | मन्त्रालयको नाम | माग पद |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६/०७८-७९ | हेल्थ असिष्टेन्ट | स्वास्थ्य | हे.ई | | १ | स्वास्थ्य मन्त्रालय | १ |